# राष्ट्रिय जनशक्ति नीति–२०८०
# (आन्तरिक छलफल प्रयोजनार्थ मात्र)

प्रारम्भिक मस्यौदा

## शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय

## सिंहदरवार, काठमाडौं

# विषय सूची

**क्र.स.   शीर्षक**

१. पृष्ठभूमि
२ विगतका प्रयास
३. वर्तमान अवस्थाको समीक्षा
४. समस्या, चुनौतीर अवसर
५. नयाँ नीतिको आवश्यकता तथा विषय क्षेत्रको पहिचान
६. दूरदृष्टि
७. लक्ष्य
८. उद्देश्य
९. नीति
१०. रणनीति
११. कार्यनीति
१२. नीतिगत तथा कानुनी व्यवस्था
१३. संस्थागत/संरचनागत व्यवस्था
१४. वित्तीय व्यवस्थापन
१५.अपेक्षित उपलब्धि
१६. जोखिम व्यवस्थापन
१७. नीति कार्यान्वयन कार्ययोजना, अनुगमन मूल्याङ्कन योजना र समीक्षा तथा पुनरावलोकन

अनुसूची— कार्यान्वयन कार्ययोजना

प्रारम्भिक मस्यौदा

# राष्ट्रिय जनशक्ति नीति, २०८०

## १. पृष्ठभूमि

राष्ट्रको तीव्र आर्थिक, सामाजिक,शैक्षिक,सांस्कृतिक तथा भौतिक पूर्वाधार विकास तथा समग्र समृद्धि हासिल गर्न मानव संशाधन तथा जनशक्ति विकास आवश्यक पर्दछ। मानव संसाधनको विकासबाट मुलुकमा उपलब्ध स्रोत-साधन र अवसरको समुचित परिचालन हुन गई समुन्नत राष्ट्र निर्माणमा योगदान पुग्दछ। यसका लागि संघ,प्रदेश र स्थानीय तहको सरकारबिच आपसी समन्वय,सहकार्य र सहजीकरण गर्न आवश्यक देखिएको छ। राष्ट्रको दीर्घकालीन सोच,राष्ट्रिय शिक्षा नीति, राष्ट्रिय विज्ञान प्रविधि तथा नवप्रवर्तन नीति,दिगो विकास लक्ष्य,विषयगत मन्त्रालयतथा निकायका नीति,आवधिक योजनाका लक्ष्यलाई समेत सम्बोधन गर्ने गरी राष्ट्रिय जनशक्ति नीति,२०८० तर्जुमा गरिएको छ।

भौगौलिक तथा क्षेत्रीय सन्तुलन तथा प्रादेशिक समानता हासिल गरी आम नागरिकको जीवनस्तर सुधार गर्नराष्ट्रिय जनशक्ति विकास नीति अपरिहार्य हुन्छ। जनशक्ति विकासका लागि राष्ट्रिय तथा अन्तर्राष्ट्रिय स्तरको नीति तथा मापदण्ड आवश्यकतापर्दछ। विभिन्न विषय क्षेत्रका लागि आवश्यक विज्ञ,प्राविधिक तथा व्यवसायिक दक्ष जनशक्तिको प्रक्षेपण हुनु र यथोचित लगानीमाअधिकतम उत्पादन गर्न सक्ने मार्गदर्शक नीति निर्माण हुनु पर्दछ। मुलुकको सामाजिक-आर्थिक रूपान्तरणमा यस नीतिले राज्यका सबै सङ्गठित,औपचारिक एवम् अनौपचारिक क्षेत्रमा सिपयुक्त,विषयगत, पेसागत,दक्ष तथा व्यवस्थापकीय कुशल नेतृत्व क्षमता भएका व्यवसायिकजनशक्तिको आवश्यकता पूरा गर्ने आधार प्रदान गर्दछ।

संविधानले परिकल्पना गरेको समाजवाद उन्मुख,स्वाधीन, स्वतन्त्र र समुन्नत अर्थतन्त्र निर्माणमा राष्ट्रिय जनशक्ति विकास नीतिको महत्त्वपूर्ण योगदान हुन्छ। नेपालको अर्थतन्त्रको माग अनुरूप गुणस्तरीय जनशक्ति विकासका लागि यो **राष्ट्रिय जनशक्ति नीति, २०८०** नेपाल सरकारबाट जारी गरिएको छ।

## २. विगतका प्रयास

नेपालमाजनशक्ति विकास तथा उपयोगलाई प्रभावकारी बनाउनविगतमा विभिन्न प्रयास गरिएको पाइन्छ। मूलतः २००७ सालपछि जनशक्ति विकास र व्यवस्थापनका सन्दर्भमा प्रजातान्त्रिक शासन प्रणाली अनुरूपको वैज्ञानिक विधि र पद्धति अवलम्बन गरिएको पाइन्छ। पहिलो आवधिक योजनाले ग्रामीण विकास,कृषि,कित्ता नापी,सहकारी संस्था,भूमिसुधार,सिँचाइ,वन,यातायात,संचार,विद्युत,शक्ति,उद्योग,खानी,वाणिज्य,पर्यटन,रासी दुन विकास,पुनर्वास,सरकारी घर निर्माण,स्वास्थ्य,शिक्षा तथा सर्भे,अनुसन्धान,तथ्याङ्क र प्रचारका लागि आवश्यक जनशक्तिको खाँचो आँकलन गरेको पाइन्छ। तेस्रो आवधिक योजनाले उमेर समूहगत जनसङ्ख्याको २०-वर्षे प्रक्षेपणसहित नेपालको सन्दर्भमा कृषि, खनिज, उत्पादन, निर्माण, बिजुली, यातायात तथा सेवा व्यावसायमा संलग्न श्रमशक्तिको आँकलन गरिएको थियो। यस योजनाले डाक्टर,इन्जिनियर जस्ता उच्चस्तरीय प्राविधिज्ञ तथा ओभरसियर,नर्स,कृषि सहायक मध्यम स्तरीय प्राविधिज्ञ र डकर्मी,सिकर्मी जस्ता निम्नस्तरीय जनशक्तिको आवश्यकता देखिएको थियो।

छैटौँआवधिक योजनाले वैज्ञानिक तथा प्राविधिक,इन्जिनियर, वन विशेषज्ञ,स्वास्थ्य विशेषज्ञ, कृषि विशेषज्ञसहितको जनशक्ति वर्गीकरण र स्तर छुट्याउने कार्य गरेको पाइन्छ। उल्लिखित आधारलाई अङ्गिकार गरी सातौं आवधिक

योजनाले प्राविधिक जनशक्तिलाई उच्चस्तर, मध्यमस्तर र आधारभूतस्तर गरी तीन तहमा वर्गीकरण गरिएको पाइन्छ। बाह्रौ, तेह्रौ र चौधौं आवधिक योजनाले राष्ट्रिय तथा अन्तर्राष्ट्रिय बजारमा प्रतिस्पर्धा गर्न सक्षम र दक्ष मानव संसाधनको विकास गरी माग र आपूर्तिबिच सन्तुलन कायम गर्ने नीति लिएको पाइन्छ। पन्ध्रौं आवधिक योजनाले मुलुकको आर्थिक वृद्धिका लागि कृषि तथा वन, खानी तथा उत्पादनमूलक उद्योग, विद्युतीय उर्जा, निर्माण, पर्यटन, यातायात, सूचना प्रविधि, शिक्षा र स्वास्थ्य प्रमुख क्षेत्रका श्रमशक्तिको उत्पादनशील उपयोग गर्ने नीति लिएको छ।

सात दशकको अवधिमा दश वटा पञ्चवर्षीय र पाँच वटा त्रिवर्षीय योजना कार्यान्वयन गरिए तापनि जनशक्ति विकासको एकीकृत नीति तर्जुमा नभएको अवस्था छ। आवधिक योजनाको शुरूवातदेखि नै देशको विकासका लागि विभिन्न विषय क्षेत्रमाआवश्यकजनशक्तिको खाँचो आङ्कलन गरिएकोथियो। यस क्रममा मानव संसाधनको वर्तमानअवस्थाको मूल्याङ्कन गरी सोही आधारमा प्रक्षेपण गर्नु,मानव संसाधन विकास प्रणालीलाई संस्थागत गरी राष्ट्रिय तथा अन्तर्राष्ट्रिय स्तरमा प्रतिस्पर्धा गर्न सक्ने जनशक्तिको उत्पादन, विकास, वितरण र व्यवस्थापन गर्ने प्रयास भएको थियो। यसरी मानव संसाधन विकासलाई गरिबी निवारण र समावेशी आर्थिक विकाससँग एकीकृत गर्ने नीतिगत व्यवस्था गरिएको थियो।

यसै सन्दर्भमा मानव संशाधन मन्त्रालय गठनसम्बन्धी कार्यदलको प्रतिवेदन,२०६२ ले एकीकृत सार्वजनिक प्रशासन ऐन निर्माण गर्ने,नीतिगत पक्षमा सुधार गरी राष्ट्रिय मानव संसाधन नीति तर्जुमा गरी कार्यान्वयनमा ल्याउने,रोजगार सूचना केन्द्र स्थापना गर्ने,समग्र मानव संसाधन विकास सम्बन्धी नीति तर्जुमा,समन्वय र अनुगमनको लागि "राष्ट्रिय मानव संसाधन परिषदको गठन" गर्न रायसमेत दिएको थियो। विभिन्न समयमा गठन भएका प्रशासन सुधार आयोग र समितिहरुले पनि सार्वजनिक क्षेत्रको जनशक्ति विकास तथा परिचालन सम्बन्धमा सुझाव पेश गरेको पाइन्छ।

नेपालको संविधानको धारा ५१ ले राष्ट्रिय एकता र राष्ट्रिय सुरक्षा सम्बन्धी नीति; राजनीतिक तथा शासन व्यवस्थासम्बन्धी नीति; सामाजिक तथा शासन व्यवस्थासम्बन्धी नीति; अर्थ,उद्योग र वाणिज्यसम्बन्धी नीति;कृषि र भूमि सुधारसम्बन्धी नीति;विकास सम्बन्धी नीति;प्राकृतिक साधन स्रोतको संरक्षण,संवर्धन र उपयोग सम्बन्धी नीति;नागरिकका आधारभूत आवश्यकता सम्बन्धी नीति; श्रम र रोजगार सम्बन्धी नीति; सामाजिक न्याय र समावेशीकरण सम्बन्धी नीति; न्याय र दण्ड व्यवस्थासम्बन्धी जस्ता नीति अङ्गिकार गरेको छ । उल्लिखित नीतिका आधारमा जनशक्ति विकास सम्बद्ध राष्ट्रिय प्रतिवद्धता देहायअनुसार रहेका छनः

(क) राष्ट्रिय आवश्यकता अनुरूप नागरिकलाई राष्ट्रको सेवा गर्न सक्षम बनाउने।

(ख) सार्वजनिक प्रशासनलाई स्वच्छ,सक्षम,निष्पक्ष,पारदर्शी,भ्रष्टाचारमुक्त,जनउत्तरदायी र सहभागितामूलक बनाउँदै राज्यबाट प्राप्त हुने सेवासुविधामा जनताको समान र सहज पहुँच सुनिश्चित गरी सुशासनको प्रत्याभूति गर्ने।

(ग) सामाजिक,सांस्कृतिक तथा सेवामूलक कार्यमा स्थानीय समुदायको सिर्जनशीलताको प्रवर्धन र परिचालन गरी स्थानीय जनसहभागिता अभिवृद्धि गर्दै सामुदायिक विकास गर्ने।

(घ) सार्वजनिक,निजी र सहकारी क्षेत्रको सहभागिता र स्वतन्त्र विकास मार्फत राष्ट्रिय अर्थतन्त्र सुदृढ गर्ने,

(ङ) राष्ट्रिय अर्थतन्त्रको विकासका लागि राष्ट्रिय उद्योगधन्दा र साधनस्रोतको संरक्षण र प्रवर्धन गरी नेपाली श्रम,सिप र कच्चा पदार्थमा आधारित स्वदेशी लगानीलाई प्राथमिकता दिने।

(च) भूमिको व्यवस्थापन र कृषिको व्यावसायीकरण,औद्योगिकीकरण,विविधीकरण र आधुनिकीकरण गर्ने।

(छ) वैज्ञानिक,प्राविधिक,बौद्धिक र विशिष्ट प्रतिभाको संरक्षण गर्ने।

(ज) शिक्षालाई वैज्ञानिक,प्राविधिक, व्यावसायिक,सिपमूलक,रोजगारमूलक एवम् जनमुखी बनाउँदै सक्षम,प्रतिस्पर्धी,नैतिक एवम्राष्ट्रिय हितप्रति समर्पित जनशक्ति तयार गर्ने।

(झ) श्रमशक्तिलाई दक्ष र व्यावसायिक बनाउने र स्वदेशमा नै रोजगारी अभिवृद्धि गर्ने।

(ञ) न्यायप्रशासनलाई छिटो छरितो,सर्वसुभल,मितव्ययी,निष्पक्ष,प्रभावकारी र जनउत्तरदायी बनाउने।

(ट) राजनीतिक,प्रशासनिक,न्यायिक,सामाजिक लगायतका सबै क्षेत्रको भ्रष्टाचार र अनियमितता नियन्त्रणका लागि प्रभावकारी उपाय अवलम्बन गर्ने।

नेपाल सरकारबाट २०७३ माघ १८मा स्वीकृत कार्यविस्तृतीकरण प्रतिवेदनमा संघ,प्रदेश तथा स्थानीय तहमा मानव संसाधन (जनशक्ति) विकास प्रतिवद्धतासहित देहायका सार्वजनिक सेवाको क्षेत्रमा प्राथमिकता दिइएको छ।

(क) सार्वजनिक प्रशासनसम्बन्धी नीति,कानून,मापदण्ड,योजना,सुधार र नियमन;

(ख) निजामती र अन्य सरकारी सेवामा मानव संसाधन विकास र व्यवस्थापन;

(ग) संगठन तथा व्यवस्थापन सर्वेक्षण;

(घ) क्षमता अभिवृद्धिका लागि स्वदेशी तथा वैदेशिक छात्रवृत्ति व्यवस्थापन;

(ङ) तालिम नीति,मापदण्ड र स्तरीकरण;

(च) संघ,प्रदेश तथा स्थानीय सार्वजनिक सेवाको सम्बन्ध र समन्वय;

(छ) सार्वजनिक सेवासम्बन्धी अध्ययन,अनुसन्धान र विकास;

(ज) विषयगत क्षेत्रका जनशक्तिको क्षमता अभिवृद्धिर

(झ) सहकारी सम्बन्धी क्षमता अभिवृद्धि।

उल्लिखित कार्य विस्तृतीकरण प्रतिवेदनले जनशक्ति विकास सम्बन्धी कार्यलाई प्रभावकारी तुल्याउन देहायका कार्य गर्ने गरी तोकिएको छः

(क) मानव संसाधन आवश्यकता प्रक्षेपण तथा राष्ट्रिय शैक्षिक योजना निर्माण;

(ख) विद्यालय तहको शिक्षकको सेवासर्त,योग्यता एवं सक्षमताको मापदण्ड निर्धारण र नियमन;

(ग) स्वास्थ्य तथा पोषणसम्बन्धी राष्ट्रिय नीति, कानून,गुणस्तर मापदण्ड,योजना र नियमन;

(घ) स्वास्थ्य क्षेत्रको मानव स्रोत विकास र व्यवस्थापन;

(ङ) सामाजिक सुरक्षा,रोजगार तथा क्षमता विकासका क्षेत्रमा रोजगार प्रवर्धन सम्बन्धी राष्ट्रिय नीति,कानून,मापदण्ड र नियमन;

(च) वैदेशिक रोजगारको राष्ट्रिय नीति,कानून,मापदण्ड,कार्यान्वयन,नियमन र औद्योगिक विवाद समाधान श्रमिक एवं श्रमिकको सामाजिक सुरक्षासम्बन्धी राष्ट्रिय नीति,कानून,मापदण्ड र नियमन;

(छ) रोजगारसम्बन्धी तथ्याङ्क प्रणाली र अध्ययन अनुसन्धान,रोजगार उन्मुख सिपमूलक एवं व्यवसायिक तालिम नीति र नियमन;

(ज) वैज्ञानिक अनुसन्धान,विज्ञान प्रविधिसम्बन्धी जनशक्ति विकास;

(झ) बेरोजगारको क्षमता विकास तथा टेवासम्बन्धी नीति तर्जुमा तथा नियमन; र

(ञ) मानव संसाधन विकासको नीति,कानून,मापदण्ड,योजना र कार्यान्वयन।

नेपालको संविधानको अनुसूची नौमा व्यवस्था भएको संघ, प्रदेश र स्थानीय तहको साझा अधिकार तथा जिम्मेवारीको कार्यान्वयन गर्न संघीय शासन प्रणालीअनुरूप अधिकार सम्पन्न प्रशासनिक पुनः संरचना समितिको प्रतिवेदन, २०७४ ले संघ,प्रदेश र स्थानीय सरकार अन्तर्गतका सरकारी सेवा दक्ष,सक्षम र प्रविधिमैत्री, नतिजामुखी र जनमुखी सार्वजनिक प्रशासनको विकास गर्न क्षमता अभिवृद्धि गर्दै, बहुसिपयुक्त जनशक्ति प्रणाली विकास गरी संघ र प्रदेशमासमेत मानवस्रोत विकास परिषद्गठन गर्नु पर्ने विषय सिफारिस गरेको देखिन्छ।

## ३. वर्तमानअवस्थाको समीक्षा

नेपालमाअन्तर्राष्ट्रिय स्तरीय औद्योगिक वर्गीकरणका आधारमा नेपाल स्तरीय औद्योगिक वर्गीकरण र नेपालस्तरीय पेसागत वर्गीकरण अनुसार जनशक्तिलाई अर्थतन्त्रको विभिन्न आर्थिक क्षेत्र तथा पेसाहरूमा संलग्न भएका आधारमा विश्लेषण गरिन्छ । उक्त औद्योगिक वर्गीकरणका आधारमा नेपाल श्रमशक्ति सर्वेक्षण, २०७५ ले १० वर्ष माथिका जनशक्ति मध्ये कृषि, बन तथा माछापालनमा ६५ प्रतिशत, थोक तथा खुद्रा व्यापारमा ८ प्रतिशत, उद्योगमा ७ प्रतिशत, निर्माण क्षेत्रमा ६ प्रतिशत, शिक्षामा ३.५ प्रतिशत, आवास तथा खाद्य सेवा क्षेत्रमा २.५ प्रतिशत, यातायात तथा भण्डारणमा २ प्रतिशत, स्वास्थ्य क्षेत्रमा १.१ प्रतिशत तथा वर्गिकरणमा नखुलेका करिब ६ प्रतिशत श्रमशक्ति रोजगारीमा संलग्न रहेको देखाएको छ । उक्त सर्वेक्षणले संस्थागत क्षेत्रअनुसार नेपालको कूल श्रमशक्ति मध्ये सरकारी क्षेत्रमा २५ प्रतिशत, निजी क्षेत्रमा ६५.५ प्रतिशत, गैर-सरकारी क्षेत्रमा २.५ प्रतिशत र अन्य क्षेत्रमा ७ प्रतिशत रोजगारीमा संलग्न भएका छन् । आर्थिक सर्वेक्षण, २०७९ अनुसार ५६ लाख ६५ हजार युवा वैदेशिक रोजगारीमा रहेको आँकलनसमेत गरेको छ ।

अर्थतन्त्रका प्रमुख क्षेत्रहरूलाई प्राथमिक क्षेत्र, द्वितीय क्षेत्र तथा तृतीय (सेवा) क्षेत्र गरी तीन भागमा विभाजन गरी तिनीहरूको कार्य सम्पादन विश्लेषण गर्दा प्राथमिक क्षेत्रअन्तर्गत कृषि,वन तथा माछापालन पर्दछ भने द्वितीय क्षेत्रअन्तर्गत उद्योग, विद्युत, ग्याँस तथा पानी तथा तृतीय (सेवा) क्षेत्रमा वित्त, स्वास्थ्य तथा सामाजिक कार्य, घर जग्गा कारोबार, भाडा तथा व्यावसायिक सेवाहरू पर्दछन् । कूल ग्राहस्थ्य उत्पादनमा प्राथमिक क्षेत्र र द्धितीय क्षेत्रका उद्योगको हिस्सा क्रमशः घट्दै गएको छ । विभिन्न अनुसन्धानका प्रतिवेदन अनुसार उल्लिखित क्षेत्रमा सीपयुक्त जनशक्तिको माग बमोजिम आपूर्ति हुन सकेको देखिदैन । तथापी नेपाल श्रमशक्ति सर्वेक्षण, २०७५ अनुसार पेसाको आधारमा सबैभन्दा बढी (६४.०७ प्रतिशत) प्राथमिक पेसामा संलग्न भएको देखिन्छ भने सेवा तथा वस्तु बिक्री गर्ने जनशक्ति (१०.८० प्रतिशत), शिल्पकला तथा कालिगढी सम्बन्धी व्यापार गर्ने जनशक्ति (८.७८ प्रतिशत) र कृषि, वन, माछापालन कार्यका जनशक्ति (६.२५ प्रतिशत) रहेका छन् । उच्च स्तरको जनशक्ति ज्यादै न्यून रहेको छ । उदाहरणका लागि व्यवस्थापकहरू ०.५३ प्रतिशत, पेसाविद्हरू तथा प्राविधिक तथा सहायक पेसाविद्हरू क्रमशः ३.६४ प्रतिशत र १.९७ प्रतिशत मात्र रहेका छन् । सो सर्वेक्षण अनुसार कृषि, वन तथा माछापालनमा संलग्न ६३.५ प्रतिशत, उद्योगमा ५६.५ प्रतिशत, निर्माण क्षेत्रमा ६८.४ प्रतिशत, यातायात तथा भण्डारणमा ५७.५ प्रतिशत जनशक्तिले आधारभूत शिक्षा मात्र हासिल गरेका छन् । श्रमशक्तिको ठुलो हिस्सा अदक्ष जनशक्तिका रूपमा रोजगारीमा संलग्न रहेको अवस्था छ । उल्लिखित तथ्याङ्कले सिपयुक्त जनशक्तिको विकासमा विशेष ध्यान दिनुपर्ने आवश्यकता देखाँउदछ ।

नेपाल सरकार, शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयले वि.सं.२०७६ सालमा गरेको जनशक्ति प्रक्षेपण सम्बन्धी अध्ययनले वि.सं. २०८०, वि.सं. २०९० र वि.सं. २१०० मा कृषिमा क्रमशः १,०३,५४,२६१; ७८,८६,६०१ र ७६,६१,७४७ तथा उद्योगमा क्रमशः ३०,२४,५१८; ४६,६१,०२३ र ५५,३०,५९० र सेवा क्षेत्रमा क्रमशः ४५,७४,६९३;८४,१३,८९८ र १,००,०३,१०१ जनशक्तिको अनुमानित प्रक्षेपण गरेको छ ।
नेपाल सरकारबाट विभिन्न समयमा जारी भएका विषय क्षेत्रगत नीतिमा जनशक्ति विकासका सम्बन्धमा उल्लेख भएको छ । विस्तृत अध्ययन गर्न उच्चस्तरीय शिक्षा आयोग, २०७५ तथा जनशक्ति प्रक्षेपण तथा मानव संसाधन विकास अध्ययन कार्यदल, २०७५ गठन भए।कार्यसम्पादन गरी दुवै प्रतिवेदन सरकारलाई बुझाइएको छ । हालै राष्ट्रिय जनशक्ति मानव संसाधनविकास अध्ययनकार्यदलको प्रतिवेदन, २०७८ मन्त्रालयमा पेश भएको छ। शैक्षिक सेवासुविधा तथा छात्रवृत्ति सम्बन्धी सरोकारवालाका धारणा संग्रहित सार संक्षेप प्रतिवेदन,२०७८तयार छ।नेपालका विश्वविद्यालयबाट उत्पादित जनशक्ति (मानव संसाधन)सम्बन्धी अध्ययनतथा अभिलेखन ,२०७८समेत तयार भएको छ।यी अध्ययन तथाप्रतिवेदनले मुलुकमा जनशक्ति विकास नीति, मापदण्ड तथा कार्यविधि निर्माणका लागि मार्ग प्रशस्त गरेका छन्।

राष्ट्रिय जनगणना २०७८ को नतिजाअनुसार नेपालको जनसंख्या २,९१,६५,५७८मध्ये१,४९,९१,०२७(५१.१३**प्रतिशत**) महिलाछन् । यस जनगणनाले आर्थिक रूपले सक्रिय जनशक्ति ६२ प्रतिशत पुगेको देखाएको छ । नेपालकोसंवैधानिकव्यवस्थारसमाजवाद उन्मुखआर्थिक-सामाजिकरूपान्तरणकालागिउक्त आर्थिक रूपले सक्रिय जनसङ्ख्याको अधिकतम उपयोग गरी सङ्घीयसंरचनामाआधारितलोकतान्त्रिक, समावेशीएवम्समतामूलकसमाजनिर्माण गर्न सङ्घ, प्रदेशरस्थानीयतहलाईसमेट्नेगरीराष्ट्र निर्माणमा कुन क्षेत्रमा कति जनशक्ति विकास गर्ने र कसरी उपयोग गर्ने भन्ने विषयको नीतिगत तथा संयन्त्रगत मार्गदर्शन र जवाफदेहिताको खाँचो खड्किएको छ । नेपालको अभूतपूर्व रूपमा देखापरेको विद्यमान जनसाङ्ख्यिक लाभ तथा श्रम बजारको माग र आपूर्तिबिच सन्तुलन कायम गरी जनशक्ति विकास र खपतको नीतिगत प्रबन्ध गर्ने कार्य अझै बाँकी रहेको सन्दर्भमा प्रस्तुत**राष्ट्रिय जनशक्ति नीति, २०८०**जारी गरिएको छ।

## ४. जनशक्ति विकासका समस्या, चुनौती र अवसर

### ४.१ समस्या

जनशक्ति उत्पादन,विकास, वितरण र उपयोगका क्षेत्र सुनिश्चित नहुनु,क्षेत्रगत जनशक्तिकोवैज्ञानिक प्रक्षेपण नहुनु,उत्पादित जनशक्तिको माग र आपुर्तिवीच तालमेल नहुनु,विषय क्षेत्रगत जनशक्ति विकास,उपयोग र प्रक्षेपण जस्ता कार्य सञ्चालन तथा समन्वय गर्ने एकीकृत संयन्त्र अभाव हुनु जस्ता समस्या देखिएका छन्।राष्ट्रिय मानव संसाधन विकास सम्बन्धी परिषद,समिति गठन,स्थायी संयन्त्र मन्त्रालय,आयोग,स्थापना गर्नुपर्ने समितिका सिफारिस कार्यान्वयनमा नआउनुसाथै,जनशक्ति विकाससम्बन्धी अभिलेख व्यवस्थापन प्रभावकारीनहुनु,जनशक्ति विकास र व्यवस्थापनको बुझाइमा एकरूपता नहुनु, शिक्षाक्षेत्र तथा पेशागत सिप विकासमा गरिएको लगानी अनुरूपको रोजगारको अवसर प्राप्त नहुँदा राष्ट्रसेवाका लागि आवश्यक प्रतिभालाई टिकाइ राख्न नसक्नु।

### ४.२ चुनौती

जनशक्ति विकास र उपयोग सम्बन्धी नीति निर्माण तथा कार्यान्वयनको जिम्मेवारनिकाय पहिचान गर्नु,नेपालको संविधानले परिलक्षित गरेबमोजिम प्राविधिक,व्यावसायिक,सिपमूलक,रोजगारमूलक एवम् सक्षम,प्रतिस्पर्धी, नैतिक एवम् राष्ट्रिय हितप्रति

समर्पित जनशक्ति तयार गर्नु,शिक्षालाईसिपसँग,सिपलाई उत्पादनसँग,उत्पादनलाई बजार तथा बजारलाई रोजगारी, अवसर आर्थिक विकाससँग आबद्ध गर्नु, राष्ट्रिय योग्यता प्रारुप संस्थागत गर्नु,प्रतिभावान जनशक्तिलाई सेवामा आकर्षण गर्नु,टिकाउनु र उपयोग गर्नु तथा जनशक्ति व्यवस्थापनमा सरकार, निजीक्षेत्र र सहकारी वीच प्रभावकारी समन्वय गर्नु।

**४.३अवसर**

जनशक्ति विकासका सन्दर्भमा संवैधानिक दिशानिर्देश हुनु,नेपाल सरकार, कार्यविभाजन नियमावली २०७४ ले विभिन्न निकायलाई जनशक्ति विकास सम्बन्धी जिम्मेवारी किटान हुनु, संघीय संरचना वमोजिम राष्ट्रिय शिक्षा नीति, २०७६ लगायत विषयगत मन्त्रालयका क्षेत्रगत नीति जारी हुनु,जनशक्ति उत्पादन तथा क्षमता विकास गर्ने शैक्षिक संस्था,विभिन्न प्रतिष्ठान,विभिन्न परिषद्हरू,अनुसन्धान केन्द्र, व्यावसायिक तथा तालिम केन्द्र जस्ता संरचना तयार हुनु,विद्यालयदेखि विश्वविद्यालयसम्मको पाठ्यक्रमलाईराष्ट्रिय तथा अन्तर्राष्ट्रिय परिवेश अनुरूप अद्यावधिक गर्न सार्वजनिक आवाज उठ्नु,संघीय संरचना बमोजिम संघ, प्रदेश तथा स्थानीय तहको सहकार्य,समन्वय र सहभागितामा जनशक्ति विकास तथा उपयोगको संरचना तयार हुनु,नतिजामूलक व्यवस्थापनलाई आत्मसात गर्दै जानु,नेपाल सरकारबाट नीति अनुसन्धान प्रतिष्ठान स्थापना हुनु।

**५. नीतिको आवश्यकता**

मुलुकको सन्तुलित तथा दिगो विकासका लागि आवश्यकजनशक्तिको माग र आपूर्ति बिच समन्वय तथा जनसाङ्ख्यिक लाभका आधारमा प्राविधिक, व्यावसायिक, वैज्ञानिक तथा व्यवस्थापकीय ज्ञान,सिप र प्रविधियुक्त मानवपुँजी निर्माण गरी रोजगारीका अवसर सिर्जनाका आधार तयार गर्न सङ्घीय संरचनाअनुकूलको राष्ट्रिय जनशक्ति विकास गर्न तथा शिक्षा,स्वास्थ्य,ऊर्जा,उद्योग,सूचना,विज्ञान,प्रविधि,कृषि,वन,जलवायु, आयुर्वेद,पर्यटन,जलविद्युत,खेलकुद,व्यवस्थापन,कला तथा साहित्य,पूर्वाधार विकास तथा सामुदायिक विकास लगायतका विविधक्षेत्र पहिचान गरीसमृद्ध राष्ट्रनिर्माणका लागि संघीय संरचना अनुकूल एकीकृत राष्ट्रिय जनशक्ति विकास सम्बन्धी नयाँ नीतिको आवश्यकता देखिएकोछ।

५.१नीतिको औचित्य

(क) जनशक्ति विकास नीतिले जनशक्ति तयार गर्ने अर्थात सिप र ज्ञानयुक्त जनशक्ति तयार गर्ने र तीनको उपयोग गर्ने र समय समयमा तिनिहरूको क्षमता विकासको समेत दायरा समेटदछ।

(ख) यस नीतिले सरकारी, सार्वजनिक क्षेत्रका अतिरिक्त निजी क्षेत्र तथा गैसस क्षेत्रमा समेत आवश्यक पर्ने जनशक्तिको विकासको मार्गदर्शन गर्ने भएकोले समग्रमा यो नीतिको दायरा व्यापक हुने गरी निर्धारण गरिएको छ।

**(ग)** यो नीतिको आधार जग जनशक्ति प्रक्षेपण प्रतिवेदन २०७६सिफारिसलाई आधारभूत मापक मानी सबै क्षेत्रले आ आफ्ना विषयका जनशक्ति आवश्कता र प्रक्षेपण गर्न सकिने मार्ग देखाइएको छ ।

**६. दूरदृष्टि**

दक्ष,सक्षम र नैतिकवान जनशक्ति विकासः सबल राष्ट्र निर्माणको आधार

**७. लक्ष्य**

विषयक्षेत्रमा विशिष्टतातथा पेसागत प्रतिस्पर्धी,प्रविधिमैत्री, रोजगारमूलक,उत्पादनशीलमानवपूँजी विकास गर्ने।

## ८. उद्देश्य

८.१ राष्ट्रको विकासका लागि आवश्यक विषयक्षेत्र तथा पेसागत सिपवर्गीकरणसहितको जनशक्ति प्रक्षेपण गर्नु।

८.२ संघीय,प्रादेशिक र स्थानीय तहको जनशक्ति विकास योजनाका लागि आधारभूत कार्यक्षेत्रका आधारमा राष्ट्रिय मापदण्ड तयार गर्नु।

८.३ संघ, प्रदेश र स्थानीय तह तथा श्रम पूँजीबजारसम्बद्ध निकायबिच समन्वय र सहकार्य गरी सामाजिक-आर्थिक रूपान्तरणमा योगदान पुर्याउन सक्ने विषय तथा पेसागतरूपमा प्रतिस्पर्धी र सक्षम जनशक्ति निर्माण गर्नु।

८.४ राष्ट्रिय जनशक्ति विकासका लागि आवश्यक कानुनी र संस्थागत आधार तयार गर्नु।

८.५ विश्व बजारमा विकसित नवीनतम ज्ञान,सिपगत दक्षता र प्रविधिसम्बन्धी विविधीकरण र विशिष्टीकरणको अध्ययन अनुसन्धान गर्नु।

## ९. नीति

९.१ राष्ट्रिय श्रमबजारको आवश्यकता अनुरूप स्वरोजगार तथा रोजगारका सम्भावनाको अध्ययन र विश्लेषणगरिनेछ।(८.१)

९.२ राष्ट्रलाई आवश्यक पर्ने विषयक्षेत्रको विशिष्टता तथा पेसागत जनशक्तिको वर्गीकरण गरिनेछ।(८.१)

९.३ राष्ट्रिय श्रमबजारको आवश्यकता, स्वरोजगार तथा रोजगारका सम्भावनाको आधारमाजनशक्तिको प्रक्षेपण गरिनेछ।(८.१)

९.४ संघीय तहमाउच्चस्तर, प्रदेश तहमा उच्च एवम्मध्यमस्तर र स्थानीय तहमा मध्यम एवम्आधारभूत कार्यक्षेत्रका आधारमा जनशक्ति विकासको मापदण्ड निर्धारण गरिनेछ।(८.२)

९.५ संघ, प्रदेश र स्थानीय तहको जनशक्ति विकासका लागि हुने लगानी तथा सेवा सुविधासम्बन्धी मापदण्ड निर्धारण गरिनेछ।(८.२)

९.६ सार्वजनिक, सहकारी तथा निजीक्षेत्रको प्रभावकारी सेवा प्रवाह र सुशासनका लागिवैज्ञानिक,अनुसन्धानमुखी, नवप्रवर्तनात्मक र प्रविधिमैत्रीयोग्य,दक्ष र प्रतिस्पर्धी जनशक्ति विकास गरिनेछ।(८.३)

९.७ राष्ट्रिय प्राथमिकता प्राप्त क्षेत्रमा व्यावसायिकता अभिवृद्धिका लागि संघ, प्रदेश तथा स्थानीय तहबिच समन्वय, सहजीकरण र सहकार्यगरिनेछ।(८.३)

९.८ राष्ट्रिय जनशक्ति विकास सम्बन्धी आवश्यक कानून तर्जुमा गरिनेछ।(८.४)

९.९ जनशक्ति विकास तथा समन्वयको लागि आवश्यक संस्थागत संरचना निर्माण गरिनेछ। (८.४)

९.१० परम्परागत तथा नवीनतम ज्ञान,सिपगत दक्षता र विज्ञान तथा प्रविधिलाईअध्ययन,अनुसन्धानका आधारमा आर्थिक एवम् सामाजिक र भौगोलिक परिवेश अनुकूल मुलुकको वृहत्तर विकासका निम्ति उपयोग गरिनेछ।(८.५)

## १०. रणनीति

१०.१ सरकारी,सामुदायिक,गैरसरकारी, निजी क्षेत्रमा रोजगारी तथा स्वरोजगारीको अवसरसिर्जनाकालागिसम्भावित विषयक्षेत्रको विशिष्टता र कार्यक्षेत्र पहिचान गर्ने।(९.१)

१०.२ संघ,प्रदेश तथा स्थानीय तहका संगठित तथा असंगठित क्षेत्रका लागि आवश्यक जनशक्तिको सिपको तह र दक्षतापहिचान गर्ने।(९.१)

१०.३ विषय तथा पेसागत कार्यक्षेत्र र सिपगत वर्गीकरणका आधारमा जनशक्ति सर्वेक्षण तथा शैक्षिक योग्यतानिर्धारणगर्ने।(९.२)

१०.४ विषयगत क्षेत्र तथा पेसागत वर्गीकरणका आधारमा संगठन,संरचना, कार्यक्षेत्र र जनशक्तिको कार्यसम्पादन क्षमताकोआवधिक रूपमा अध्ययनतथा विश्लेषणगर्ने। (९.२)

१०.५ संघ,प्रदेश तथा स्थानीय तहका लागि आवश्यक पर्ने विषय क्षेत्रगत तथा तहगत जनशक्तिप्रक्षेपण गर्ने।(९.३)

१०.६ संघ, प्रदेश तथा स्थानीयलाई समेट्ने गरी जनशक्तिको एकीकृत सूचना व्यवस्थापन प्रणाली स्थापना गरी तथ्याङ्क भण्डारण तथा सुरक्षा प्रणालीको सुनिश्चित गर्ने।(९.३)

१०.७ राष्ट्रिय योग्यता प्रारूपअनुसार संघ,प्रदेश र स्थानीय तहका लागिआधारभूत तथा उच्चस्तरीय जनशक्ति विकासको राष्ट्रिय मापदण्ड तर्जुमा तथा मानक निर्धारण गर्ने।(९.४)

१०.८ जनशक्ति विश्लेषणका आधारमा विषयगत र पेसागत क्षेत्रमा उच्चस्तरको जनशक्ति विकासका लागि राष्ट्रिय मापदण्ड तयार गर्ने।(९.४)

१०.९ संघ, प्रदेश र स्थानीय तहको जनशक्ति विकासका लागि कार्यक्षेत्रको आधारमा प्राथमिकताकाक्षेत्र पहिचान गरी मापदण्ड निर्धारण गर्ने।(९.५)

१०.१० संघ, प्रदेश र स्थानीय तहको जनशक्ति विकासमा लगानी तथा सेवा सुविधाकालागि निजी क्षेत्र र विकास साझेदारबिच आपसी समन्वय, साझेदारी र सहकार्य गर्ने।(९.५)

१०.११ मानवपुँजी तथा जनशक्ति विकासका लागिसंघ, प्रदेश तथा स्थानीय सरकारले पूँजी बजार निर्माण गरी आर्थिक दायित्व एवम् जवाफदेहीसंयन्त्र निर्माण गर्ने।(९.५)

१०.१२ सेवा प्रवाहका सबै क्षेत्रमा जनशक्ति विकास गर्न नवप्रवर्तन,अनुसन्धान,विकासका लागि इन्टर्नसिप व्यवस्था,लगानी अभिवृद्धि तथा शैक्षिक ऋण कोषको व्यवस्था गर्ने।(९.५)

१०.१३ संघ, प्रदेश र स्थानीयतहका सरकारलाई आवश्यक पर्ने जनशक्तिविकासका लागि अल्पकालीन,मध्यकालीन र दीर्घकालीन योजना निर्माण गर्ने।(९.६)

१०.१४ अन्तर्राष्ट्रिय श्रम बजारमा समेत प्रतिस्पर्धा गर्न सक्ने सिपयुक्त जनशक्ति विकासका लागि पाठ्यक्रम तथा पाठ्यभार तयार गर्ने।(९.६)

१०.१५ सार्वजनिक, सहकारी तथा निजी क्षेत्रबाट उपलब्ध हुने रोजगारी तथा स्वरोजगारीको विषय क्षेत्रको मापदण्डका आधारमा परिवर्तनका संवाहक जनशक्ति विकास गर्ने।(९.६)

१०.१६ असल औद्योगिकसम्वन्ध र श्रमको सम्मान हुने वातावरण सिर्जना गर्ने।(९.७)

१०.१७ सार्वजनिक सेवाका जनशक्ति विकास तथा व्यवस्थापनको लागि संघ,प्रदेश तथा स्थानीय तहबिचसमन्वय तथा अन्तरसम्बन्ध कायम गर्न आवश्यक संयन्त्रको व्यवस्था गर्ने।(९.७)

१०.१८ राष्ट्रिय जनशक्ति विकास सम्बन्धी आवश्यक कानून तर्जुमा गर्ने।(९.८)

१०.१९ उच्च शिक्षाको सञ्चालन व्यवस्थापन तथा समष्टिगत जनशक्ति विकासको एकीकृत कानुनतर्जुमा गर्ने।(९.८)

१०.२० शिक्षाको सम्बन्ध रोजगारीसँग कायम गर्न इन्टर्नसिप तथा छात्रवृत्तिसम्बन्धी कानुन निर्माण गर्ने।(९.८)

१०.२१ जनशक्ति विकासका क्षेत्रमा क्रियाशील सरकारी, गैरसरकारी,निजी क्षेत्र तथा शैक्षिक संघ संस्थासँग समन्वय र सहकार्य गर्न संस्थागत व्यवस्था गर्ने।(९.९)

१०.२२ विद्यालय तहदेखि नै नवप्रवर्तन, अध्ययन र अनुसन्धानलाई प्राज्ञिक कार्यक्रमको अभिन्न अङ्गको रूपमा विकास गर्ने।(९.९)

१०.२३ विषय क्षेत्रगत प्राविधिक शिक्षा, व्यावसायिक सिपगत दक्षता र अनुसन्धान प्रवर्धनमा सिकाइ मापदण्ड सुनिश्चित गर्ने।(९.९)

१०.२४ परम्परागत ज्ञान, सिप र विज्ञान तथा प्रविधिलाई विद्यालयतहको शिक्षादेखि नै आवद्धगर्न अध्ययन अनुसन्धानका लागि पुस्तकालय तथा वाचनालयको पहुँच विस्तारगरी पठन संस्कृतिको विकास गर्ने ।(९.१०)

१०.२५ राष्ट्रियतथाअन्तर्राष्ट्रियक्षेत्रमा विकसित नवीनतम प्रविधि तथा विविधीकरण र विशिष्टीकरणको आविस्कारलाईआत्मसात गरी देशको राष्ट्रिय हित,स्वाभिमान,मौलिक मूल्यमान्यता, संस्कार तथा संस्कृतिलाईप्रवर्धनगर्न सक्ने जनशक्ति विकास गर्ने।(९.१०)

## ११. कार्यनीति

**जनशक्ति आवश्यकता,पहिचान तथा प्रक्षेपणः**

११.१ संघ,प्रदेश र स्थानीय तहमा रोजगारी तथा स्वरोजगारीको विषय तथा कार्यक्षेत्रको पहिचान गर्न विषयगत मन्त्रालय र निजी क्षेत्रको सहभागितामा जनशक्ति विकास आयोग वा समितिगठन गरिनेछ।(१०.१)

११.२ पहिचान भएका विषय तथा कार्यक्षेत्रको शैक्षिक योग्यता,प्रशिक्षण तथा तालिम सम्बन्धी मापदण्डतर्जुमा तथा संरचना निर्माण गरिनेछ।(१०.१)

११.३ संघ,प्रदेश तथा स्थानीय तहमा विषयगत कार्य प्रकृति अनुसार सार्वजनिक सेवाको लागि आवश्यक शैक्षिक योग्यता तथा सिपयुक्त जनशक्ति पहिचान तथा विकास तर्जुमा गरिनेछ।(१०.२)

११.४ आर्थिक तथा मानवीय स्रोत पहिचानका आधारमाजनशक्ति विकासयोजना र कार्यक्रम सञ्चालन गरिनेछ।(१०.२)

११.५ आन्तरिक श्रमबजारको माग र आपूर्तितथा विश्वबजारमा विकसित प्रविधि र मागकोसर्वेक्षण गरिनेछ।(१०.३)

११.६ संघ, प्रदेश तथा स्थानीय तहमासार्वजनिक तथा निजी क्षेत्रबाट उपलब्ध हुने स्वरोजगारी तथा रोजगारीका विषय क्षेत्रप्रक्षेपण प्रणाली स्थापित गरी कार्यान्वयन गरिनेछ।(१०.३)

११.७ विषयगत क्षेत्र, पेसागत वर्गीकरण, संगठन,संरचना, कार्यक्षेत्र र जनशक्तिको कार्यसम्पादन क्षमताको आवधिक अध्ययनतथा विश्लेषण गरी कार्यान्वयन गरिनेछ।(१०.४)

११.८ संघ, प्रदेश तथा स्थानीय तहमा उपलब्ध जनशक्तिको क्षमता तथा दक्षता अभिवृद्धिका लागि अध्ययन, तालिम तथा सिप विकासका कार्यक्रम सञ्चालन गरिनेछ।(१०.५)

११.९ संघ, प्रदेश तथा स्थानीय तहका आवधिक योजनामा विशिष्टीकरण सेवाका लागि तहगत जनशक्ति विकास तथा व्यवस्थापन गर्न जनशक्ति प्रक्षेपण गरिनेछ।(१०.५)

११.१० जनशक्ति विकास तथा प्रक्षेपण एकीकृत राष्ट्रिय मापदण्ड तर्जुमा गरी कार्यान्वयन गरिनेछ।(१०.५)

**जनशक्ति सूचना तथा अभिलेख व्यवस्थापनः**

११.११ आर्थिक क्रियाकलापमा संलग्न स्वरोजगार तथा रोजगारकोसमग्र जनशक्ति (लिङ्ग, जातजाति, समावेशिता र भूगोललगायत) को खण्डीकृत सूचना तथा तथ्याङ्क व्यवस्थापन तथा अद्यावधिकगरिनेछ।(१०.३)

११.१२ स्थानीय तह तथा प्रदेशस्तरमा जनशक्तिको खण्डीकृत (लिङ्ग, जातजाति, अपाङ्गता भएका र भूगोलसहित) अभिलेख व्यवस्थापन गरी अद्यावधिक गरिनेछ।(१०.६)

११.१३ संघीय सरकारबाट आधुनिक, गुणस्तरीय, सुरक्षित तथा प्रविधि मैत्री एकीकृत राष्ट्रिय जनशक्ति सूचना व्यवस्थापन प्रणालीको विकास गरिनेछ।(१०.६)

११.१४ संघ, प्रदेश तथा स्थानीय तहमा सरकारी, सहकारी,निजी क्षेत्र र सरोकारवाला बिच संरचनागत तथा पेसागत समन्वयगर्न जनशक्ति विकासअभिलेख भण्डारण, व्यवस्थापन र उपयोगको मापदण्ड निर्धारण गरिनेछ।(१०.६)

११.१५ संघ, प्रदेश तथा स्थानीय तहका सरोकारवाला निकाय, विषयगत मन्त्रालय, विश्वविद्यालय,शैक्षिक प्रतिष्ठान तथा तालिम प्रदायक संस्थालाई एकीकृत विद्युतीय सूचना तथा प्रविधिमा आवद्ध गरिनेछ। (१०.६)

११.१६ राष्ट्रिय तथ्याङ्क कार्यालयबाट राष्ट्रिय जनशक्ति विकासको आवधिक अवस्थाको विश्लेषणसहितको सूचनाव्यवस्थापन र सेवा प्रवाह गरिने छ । (१०.२१)

**जनशक्ति मापदण्ड र मानक निर्धारणः**

११.१७ संघ,प्रदेश तथा स्थानीय तहका लागि मार्गदर्शन हुने गरी विषय क्षेत्रगत मापदण्डतयार गरी सोका आधारमा राष्ट्रिय जनशक्ति विकास मानक निर्धारण गरिनेछ।(१०.७)

११.१८ सार्वजनिक तथा निजी क्षेत्रमा खपत हुने जनशक्ति विकास तथा उपयोग गर्न निश्चित विधि तर्जुमा गरी कार्यान्वयन गरिनेछ।(१०.७)

११.१९ राष्ट्रिय मानक निर्धारण गर्दा जनशक्ति विकासका लागि आवश्यक प्राज्ञिक, प्राविधिक तथा व्यावसायिक,विषयगत, पेसागत योग्यता, ज्ञान,सिप र दक्षतालाई मूल आधार बनाइनेछ।(१०.७)

११.२० राष्ट्रिय मानकका आधारमाविषय क्षेत्रकोविश्लेषण र विशिष्टीकरण सहितको उच्चस्तरीय जनशक्तिकोयोग्यता र दक्षता पहिचान गरिनेछ।(१०.७)

११.२१ राष्ट्रिय भावना अनुसारको विशिष्टीकृतमौलिक मूल्य,मान्यता, कला, संस्कार तथा संस्कृतिको साथै प्राकृतिक स्रोत र जलवायु सम्बन्धी ज्ञान,विज्ञान र प्रविधिसहित प्रतिस्पर्धात्मक क्षमता र दक्षता भएका योग्य जनशक्तिको विद्यमान अवस्था र आवश्यकताको पहिचान गरिनेछ।(१०.७)

११.२२ संघ, प्रदेश तथा स्थानीय तहको लागि विषय क्षेत्र र पेसानुसार शैक्षिक योग्यता तथा पेसागत सिप र दक्षताका आधारमा जनशक्तिको मापदण्ड निर्धारण गरी सबै क्षेत्रमा लागु गरिनेछ।(१०.८)

११.२३ राष्ट्रिय मापदण्ड र मानकका आधारमा उच्च र मध्यमस्तरको जनशक्ति विकासका लागि प्रदेश स्तरको मानक निर्धारण गरिनेछ।(१०.८)

११.२४ प्रदेश तहको मानक निर्धारण गर्दा उच्च तथा मध्यमस्तरको जनशक्ति विकासका लागि आवश्यक प्राज्ञिक, व्यावसायिक तथा प्राविधिक ज्ञान, सिप र कार्यकुशलता सम्बन्धी योग्यता र दक्षतालाई मूल आधार बनाइनेछ।(१०.८)

११.२५ प्रदेश तहको स्वीकृत मानकका आधारमा विषयगत र पेसागत क्षेत्रकोविश्लेषण र विशिष्टीकरण गरी उच्च र मध्यमस्तरीय जनशक्तिकोयोग्यता र दक्षता पहिचान गरिनेछ।(१०.८)

११.२६ संघ,प्रदेश तथा स्थानीय तहको आपसी समन्वय, साझेदारी र सहकार्यमा प्रादेशिक मापदण्ड कार्यान्वयन गर्न विद्यालय,विश्वविद्यालय, प्रतिष्ठान, तालिम केन्द्र लगायत सार्वजनिक तथा निजी क्षेत्रका संघसंस्थाले पेसागत दक्षता अभिवृद्धिका लागि विद्यार्थी,शिक्षक,प्राध्यापक,कर्मचारी लगायत सबै प्रकारका राष्ट्रसेवाका क्षेत्रलाई राष्ट्रिय विकास सेवामा समाहित गरी इन्टर्नसिपमार्फत शैक्षिक योग्यता प्राप्ति र पेसागत वृत्ति विकासको अवसरसँग समायोजन गर्ने व्यवस्था गरिनेछ।(१०.८)

प्रारम्भिक मस्यौदा

११.२७ राष्ट्रिय तथा प्रादेशिक मानकका आधारमा मध्यम र आधारभूतस्तरको जनशक्ति विकासका लागि स्थानीय तहको मानक निर्धारण गर्न विज्ञ समिति गठन गरिनेछ।(१०.८)

११.२८ स्थानीय तहको मानक निर्धारण गर्दा मध्यम तथा आधारभूतस्तरको जनशक्ति विकासका लागि आवश्यक प्राज्ञिक, व्यावसायिक तथा प्राविधिक ज्ञान, सिप र कार्यकुशलता सम्बन्धी योग्यता र दक्षतालाई मूल आधार बनाइनेछ।(१०.८)

११.२९ स्थानीय तहको स्वीकृत मानकका आधारमा विषयगत र पेसागत क्षेत्रकोविश्लेषण र विशिष्टीकरण गरी मध्यम र आधारभूतस्तरीय जनशक्तिकोयोग्यता र दक्षता पहिचान गर्ने संयन्त्रको निर्माण गरिनेछ।(१०.८)

११.३० राष्ट्रिय तथा प्रादेशिक भावना अनुसार  स्थानीय तहका लागि आवश्यक पर्ने विशिष्टीकृतमौलिक मूल्य,मान्यता,कला, संस्कार तथा संस्कृतिको साथै प्राकृतिक स्रोत र जलवायु सम्बन्धी ज्ञान,विज्ञान र प्रविधिसहित प्रतिस्पर्धात्मक क्षमता र दक्षता भएका योग्य जनशक्तिको विद्यमान अवस्था र आवश्यकताको पहिचान गरिनेछ।(१०.८)

११.३१ राष्ट्रिय योग्यता प्रारूप र अन्तर्राष्ट्रिय मान्यता अनुसारको राष्ट्रिय मानक निर्धारण गर्न संघीय तहमा विज्ञ समितिगठन गरिनेछ।(१०.९)

११.३२ राष्ट्रिय र प्रादेशिक मापदण्ड अनुरूप मध्यम र आधारभूतस्तरको जनशक्ति विकासकालागि स्थानीय मापदण्ड निर्धारण गरिनेछ।(१०.९)

११.३३ आधारभूत तहदेखि विश्वविद्यालय सम्मको शिक्षा प्रणाली व्यवस्थापनमा राज्यको आर्थिक दायित्व तथा अनुदान उपलब्धताको मापदण्ड निर्धारण गरिनेछ।(१०.११)

**समन्वय,साझेदारी र सहकार्यः**

११.३४ परम्परागत ज्ञान,सिपतथा कलाकौशलको संरक्षण तथा विकास गरी प्रतस्पिर्धी तथा व्यवसायिक क्षमता भएका स्थानीय जनशक्तिबाट व्यापार,पर्यटन तथा सांस्कृतिक क्षेत्रमा उपलब्ध हुने स्वरोजगारी, रोजगारीका सम्भावनाको पहिचान गर्न संघ,प्रदेश तथा स्थानीय तहबिच सहकार्यगरिनेछ।(१०.४)

११.३५ संघ,प्रदेश तथा स्थानीय तहमा विषय क्षेत्र तथा तहगत जनशक्तिकोआवश्यकता पहिचान तथा प्रक्षेपण गर्न प्राविधिक समिति गठन गरिनेछ।(१०.५)

११.३६ संघ, प्रदेश तथा स्थानीय तहबाटजनशक्तिसम्बन्धी रणनीति तथा कार्यनीति निर्माण गरी कार्यान्वयन गर्न एकीकृत संरचनागत प्रबन्ध गरिनेछ।(१०.५)

११.३७ संघ, प्रदेश र स्थानीय तहले निर्धारण गरेका जनशक्ति विकासका प्राथमिकताका क्षेत्रअनुसार छात्रवृत्ति, छात्रावास, अनुसन्धानवृत्तिलगायतका सेवा सुविधाको वितरण सम्बन्धी कानुनी प्रबन्ध गरी कार्यान्वयन गरिनेछ।(१०.१०)

११.३८ जनशक्ति विकासका लागि शिक्षा व्यवस्थापनमासंघ, प्रदेश र स्थानीय तहको दायित्व, जवाफदेहिता र राज्यको तहगत आर्थिक अंशभार निर्धारण गरिनेछ (१०.१०)

११.३९ शैक्षिक संस्थाको जनशक्ति विकास र गुणात्मक प्रतिस्पर्धामा बजार मूल्यका आधारमा शिक्षा उपाधिको योग्यता तह तथाविषयक्षेत्रको वर्गीकरण अनुसारको शिक्षा प्राप्त गर्न लाग्ने आर्थिक लागतको मापदण्ड विकास गरिनेछ।(१०.११)

११.४० संघ, प्रदेश र स्थानीय तहबाट स्वीकृत कार्यविधिअनुसार नवप्रवर्तन,अनुसन्धानका लागि जनशक्ति विकास गर्न छात्रवृत्ति, छात्रावास अनुसन्धानवृत्तिलगायतका सेवा सुविधा वितरण गरिनेछ।(१०.१२)

११.४१ संघ, प्रदेश र स्थानीय तहबाट वितरित छात्रवृत्ति, छात्रावास अनुसन्धानवृत्तिलगायतका सेवा सुविधाको प्रभावकारिता सम्बन्धी अध्ययन प्रत्येक १० वर्षमा गरिनेछ।(१०.१२)

११.४२ बौद्धिक प्रतिभालाई राज्यको आर्थिक लगानीमा विशिष्ट विज्ञ तयार पार्ने उद्देश्यले प्राविधिक तथा साधारण विषयक्षेत्रका जनशक्ति विकासका लागिस्थानीय, प्रदेश तथा संघको समन्वयमा छात्रवृत्ति प्रोत्साहन कोष राष्ट्रिय मापदण्ड विकास  गरिनेछ।(१०.१२)

११.४३ मध्यम तथा उच्चस्तरको जनशक्ति उत्पादन, विकासका लागि शैक्षिक ऋणकोष स्थापना,शैक्षिक प्रमाणपत्र धितो राखी स्वरोजगार तथा रोजगार भएपछि ऋण फिर्ता गर्नेविधि सम्बन्धी मापदण्ड निर्धारण गरिनेछ।(१०.१२)

११.४४ जनशक्ति विकास नीति,योजना,रणनीति,कार्यनीति,मापदण्ड संघीय तहको संयोजनमा निर्माण गरेर तहगत जिम्मेवारी अनुसार काम, कर्तव्य र अधिकार तोकेर तीनै तहमा कार्यान्वयन गरिनेछ।(१०.१३)

११.४५ राष्ट्रको अर्थतन्त्रमा टेवा पुर्याउन सक्ने प्राविधिक तथा व्यावसायिक जनशक्ति उत्पादन गर्न सरकार, निजीक्षेत्र र अभिभावकको त्रिकोणात्मकसाझेदारीमा आर्थिक लगानी वृद्धिका मापदण्ड कार्यान्वयन गरिनेछ।(१०.१५)

११.४६ भौतिक विकास तथा आर्थिक समृद्धिका लागि स्थानीय ज्ञान, सिपर प्रविधिको संरक्षण,सम्बर्धन, प्रवर्धन र उपयोग गर्न राष्ट्रिय प्राथमिकता प्राप्त क्षेत्र जस्तैःकृषि तथा वन, खनिजजन्य पदार्थ, जल सम्पदा, पर्यटन, उद्योग, शैक्षिक सामग्री, सार्वजनिक सेवामा प्रयोग हुने सामग्री लगायतका उत्पादनमा सम्बद्ध क्षेत्रका निकाय तथा पदाधिकारीका लागि शेयर लगानीको मापदण्ड तथा रोजगारीका क्षेत्र निर्धारणगरिनेछ।(१०.१५)

११.४७ अध्ययन, अनुसन्धान तथा इन्टर्नसिप प्रणालीलाई प्रोत्साहित गरी प्राविधिक तथा साधारण विषयक्षेत्रका दक्ष जनशक्ति विकास गर्न सार्वजनिक तथा निजी क्षेत्रको सम्बन्ध सुमधुर बनाइनेछ।(९.१६)

११.४८ काममा आधारित सिकाइ (अप्रेन्टिसिप) मार्फत् व्यावसायिक तथा सिपगत दक्षता विकास गर्न उद्योग प्रतिष्ठानसँग समन्वय र सहकार्य गरिनेछ।(९.१६)

**सार्वजनिक सेवा प्रवाह प्रबन्धः**

११.४९ मानव संसाधन तथा जनशक्ति विकास सम्बन्धी समष्टीगत योजना,नीति,रणनीति तय गर्न संस्थागत सहजीकरण संयन्त्र निर्माण गरिनेछ।(१०.१३)

११.५० संघ, प्रदेश तथा स्थानीय तहमा सार्वजनिक तथा निजी क्षेत्रबाट उपलब्ध हुने रोजगारीका क्षेत्रको प्रक्षेपणका आधारमा जनशक्ति विकास योजना कार्यान्वयन गरिनेछ।(१०.१३)

११.५१ संघ, प्रदेश र स्थानीय तहमा सार्वजनिक तथा निजी क्षेत्रका लागि आवश्यक व्यवस्थापकीय, प्राविधिक तथा विषयक्षेत्रगत सिपयुक्त जनशक्तिविकास योजना १०\१० वर्षमापुनरावलोकन गरी कार्यान्वयन गरिनेछ।(१०.१३)

११.५२ उच्च शिक्षा तालिम प्रदायक संस्था तथा प्रशिक्षण प्रतिष्ठानको सुदृढीकरण गर्दैसिप नक्साङ्कनका आधारमा प्राविधिक तथा व्यवसायिकशिक्षा र तालिमको अवसर र पहुँच बढाउन प्राविधिक शिक्षालय तथा प्रशिक्षण केन्द्रको विस्तार तथा गुणस्तर सुनिश्चितगरिनेछ।(१०.१३)

११.५३ सार्वजनिक सेवालाई गुणस्तरीय र प्रभावकारी बनाउन विषय क्षेत्रगत जनशक्तिको वर्गीकरण तथा सङ्गठन संरचना, पदसोपान र वृत्ति विकास व्यवस्थापन मापदण्ड निर्धारण गरिनेछ।(१०.१३)

११.५४ संघ, प्रदेश तथा स्थानीय तहमा विषय क्षेत्रगत जनशक्तिको वर्गीकरण तथा विशिष्टीकरणका आधारमा जवाफदेही सेवा, समूह, उपसमूह व्यवस्थापन र सञ्चालन मापदण्ड विकास गरी कार्यान्वयनगरिनेछ।(१०.१३)

११.५५ जनशक्ति विकास मापदण्ड निर्माण गरी सार्वजनिक सेवामा प्रवेशको न्यूनतम शैक्षिक योग्यता, तालिम र प्रशिक्षण सिप तथा पद अनुसारको न्यूनतम पारिश्रमिक तोक्ने विधि तथा अभिलेख व्यवस्थापन गर्न श्रम सम्बन्धी कानूनको प्रभावकारिता वृद्धि गरिनेछ।(१०.१३)

११.५६ सार्वजनिक सेवा प्रवाहमा सुशासन, पारदर्शिता र जवाफदेहिता कायम गर्न जनशक्तिलाई प्रोत्साहन गर्ने सूचक तयार गरी कार्यान्वयन गरिनेछ।(१०.१३)

११.५७ जनशक्तिको सूचना प्रणालीको आधारमा तथ्याङ्क विश्लेषणकासाथ अल्पकालीन, मध्यकालीन र दीर्घकालीन प्रदेश तथा संघीय तहका लागि शैक्षिक योग्यता तथा तालिम पाठ्यक्रम विकास गरिनेछ।(१०.१४)

११.५८ सार्वजनिक सेवाप्रवाहलाई जवाफदेही बनाउन अनुगमन तथा सुपरिवेक्षणका साथै विद्यमान पाठ्यक्रम र कार्यक्रमको अध्ययन पुनरावलोकन गरी अनिवार्य इन्टर्नसिप सेवा लागुगर्नकार्यविधि विकास गरी कार्यान्वयन गरिनेछ।(१०.१४)

११.५९ सार्वजनिक सेवाका क्षेत्रमा पेसागत क्षमता विकास गरी साधारण खर्चमा मितव्ययिता अपनाउन उपलब्ध जनशक्तिबाट सेवा लिनबहुसिपयुक्त जनशक्ति विकास योजना तयार गरिनेछ।(१०.१४)

११.६० सार्वजनिक सेवामा संलग्न जनशक्तिको पेसागत कार्यविवरण अनुसार व्यावसायिक कार्यक्षमताको अनुगमन, मूल्याङ्कन तथा सुपरिवेक्षण सूचक निर्धारण र जवाफदेहिता सुनिश्चित गर्न पुरस्कार तथा दण्डकोमानकसुनिश्चित गरिनेछ।(१०.१४)

११.६१ सार्वजनिकक्षेत्रमाकार्यरतकर्मचारीलाई उत्प्रेरित र उच्च मनोबलयुक्त बनाई उनीहरुको क्षमताको पूर्ण उपयोग गर्न वृत्तिपथ र सेवा सुविधालाई पूर्वानुमानयोग्य बनाइनेछ।(१०.१४)

११.६२ सार्वजनिक प्रशासनमा कार्यरत जनशक्तिहरुमा अध्ययन, अनुसन्धान तथा नवप्रवर्तन क्षमता विकासका लागि उनीहरुलाई प्राज्ञिक तथा अनुसन्धानात्मक कार्यमा संलग्न गराइनेछ ।(१०.१४)

११.६३ निजामती सेवा र अन्य सरकारी सेवाबाट अवकाश प्राप्त जनशक्तिको विषय क्षेत्रगत विज्ञताको आधारमा रोष्टर तयार गरी उनीहरुको ज्ञान,सिप र अनुभवको उपयोग गरिनेछ ।(१०.१४)

११.६४ सार्वजनिक,सामुदायिक, सहकारी तथा संगठित निजीक्षेत्रका उद्योग प्रतिष्ठानको वर्गीकरण गरी स्वरोजगारी तथा रोजगारीको वैज्ञानिक सुव्यवस्थित अभिलेख तयार गरिनेछ।(१०.१५)

११.६५ सार्वजनिक सेवामा जुनसुकै विधिबाट जनशक्ति आपूर्ति गर्दा प्रचलित कानून बमोजिमको सेवा प्रदायक संस्था दर्ता अनिवार्य गरी सेवा सुरक्षा गर्न श्रमको तोकिएको न्यूनतम पारिश्रमिकको आधार सुनिश्चितता गरी सामाजिक योगदान सुरक्षा कोषमा अनिवार्य सहभागी हुने व्यवस्था गरिनेछ।(१०.१५)

११.६६ जनशक्ति विकासको लागि प्राज्ञिक, प्राविधिक तथा विषय क्षेत्रानुसार सिफारिस गर्न आवश्यक संयन्त्र निर्माण गर्ने र सो अन्तर्गत आवश्यक विषय क्षेत्रगत समिति गठन गरी कार्यसम्पादनको प्रबन्ध गरिनेछ।(१०.१७)

११.६७ संघ, प्रदेश तथा स्थानीय तहका लागि आवश्यक पर्ने जनशक्ति पहिचानका लागि सर्वेक्षण गरी वैज्ञानिक रूपमा सरकारी निकायमा उच्च शैक्षिक संस्था र दरवन्दी सिर्जना तथा पुनरावलोकन गरिनेछ।(१०.१७)

११.६८ संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयलाई राज्य संयन्त्रको मानव संसाधन विकास मन्त्रालयको रूपमा विकास गरिनेछ।(१०.१७)

११.६९ सरकारी तथा अन्य सार्वजनिक सेवा, समूह, उपसमूहको प्रभावकारिता अध्ययन गरी कार्यपालिका,न्यायपालिका,व्यवस्थापिका तथा संवैधानिक सेवामा विशिष्टीकरण गर्ने गरी भविष्यमा आवश्यक पर्ने सेवा, समूह,उपसमूहको पहिचान गरिनेछ।(१०.१७)

**पाठ्यक्रम विकास, अध्ययन, अनुसन्धान तथा तालिमः**

११.७० विषयसम्वद्ध मन्त्रालय, शैक्षिक संस्था तथा तालिम प्रदायक संस्थालाईविशिष्टीकृत कार्य दायित्वप्रति जवाफदेही बनाउनपेसागत दक्षता अभिवृद्धिका लागि शिक्षा, बहुउद्देश्यीय तालिम तथा प्रशिक्षण क्षेत्रका पाठ्यक्रमको विकास तथा अध्यावधिक गरिनेछ।(१०.१४

११.७१ विद्यालयदेखि विश्वविद्यालय तहसम्मको पाठ्यक्रमलाई नवप्रवर्तन,अध्ययन र अनुसन्धानसम्बन्धी विषय समावेश गरी विद्यार्थीद्वारा गरिने परियोजना,प्रवर्तनात्मक तथा अनुसन्धानलाई सिकाइ मूल्याङ्कनसँग आबद्ध गर्ने कानून तर्जुमा गरिनेछ।(१०.२२)

११.७२ सरकारी स्वामित्वमा रहेका संघसंस्था तथा निकायबाट गरिने अध्ययन,अनुसन्धान तथा मूल्याङ्कन कार्यमा स्वदेशी विश्वविद्यालय तथा अनुसन्धान संस्थालाई उपयोग गरिनेछ।(१०.२२)

११.७३ नवप्रवर्तन,अध्ययन तथा अनुसन्धानबाट प्राप्त नतिजा तथा निष्कर्षलाई सार्वजनिकनीति निर्माण तथा योजना तर्जुमा गर्दा उपयोग गर्न सम्बन्धित विषयगत मन्त्रालय, आयोग वा निकायलाई जिम्मेवार बनाइनेछ।(१०.२२)

११.७४ विद्यालयदेखि विश्वविद्यालय तहसम्मका जनशक्ति विकास सम्बन्धी पाठ्यक्रमको पुनरावलोकन गरी खोज अनुसन्धान विधिलाई पेसागत क्षमता विकासको अभिन्न अङ्गको रूपमा समावेश गरिनेछ।(१०.२३)

११.७५ अनुसन्धान तथा विकास कार्यलाई कार्यसम्पादन मूल्याङ्कनको अभिन्न अङ्गको रूपमा समावेश गरी वृत्ति विकाससँग आबद्ध गरिनेछ।(१०.२३)

११.७६ शिक्षाका विभिन्न विषयमा अध्ययन,अनुसन्धान, नवप्रवर्तनका क्षेत्रमा उत्कृष्टता हासिल गरेका प्रतिभावान विद्यार्थीलाई सार्वजनिक सेवाको सम्बन्धित क्षेत्रमा नियुक्त हुन प्रोत्साहित गरिनेछ।(१०.२३)

११.७७ पठन संस्कृति विकास,स्थानीय ज्ञान, सिप र कलाकौशलता अभिवृद्धि गर्न पाठ्यक्रम, पाठ्यपुस्तक र सिकाइ सामग्रीलाई स्थानीयकरण गरिनेछ।(१०.२४)

११.७८ परम्परागत ज्ञान, विषयगत अध्ययन,अनुसन्धान तथा स्थानीय मौलिक संस्कार रसंस्कृति विकासका पक्षमा प्रोत्साहन तथा प्रतिभा विकासलाई प्रवर्धन गर्नसामुदायिक अध्ययन केन्द्र, वाचनालय तथा पुस्तकालय र प्रयोगशालाको बहुउपयोग गरिने छ । (१०.२४)

११.७९ राष्ट्रिय महत्वका पुस्तकालयको सुदृढीकरण तथा एकीकृत व्यवस्थापन मार्फत् सेवा प्रवाहगरिनेछ।(१०.२४)

११.८० पूर्वीय दर्शनको प्रवर्धन तथा विश्वमा विकसित खोज-अनुसन्धान, ज्ञान, विज्ञानको संयोजन र समालोचनात्मक बौद्धिक व्यक्तित्व निर्माणका लागि पाठ्यक्रम तथा पाठ्यसामग्री विकास गरिनेछ।(१०.२४)

११.८१ नेपालकाकेन्द्रीय पुस्तकालयको सुविधा प्रदेश र स्थानीय तहका पुस्तकालयबाट अनलाइन सेवा लिन सक्ने प्रविधि विकास गरी पुस्तकालयको अत्यधिक उपयोग तथा ज्ञानविज्ञानको नवीन सिर्जना गर्ने प्रतिभालाई नियमित वार्षिक रूपमा मूल्याङ्कन गरी राष्ट्रिय, प्रादेशिक तथा स्थानीय तहमा प्रोत्साहित गर्ने कार्यक्रम विकास गरिनेछ।(१०.२४)

११.८२ वैज्ञानिक ज्ञान, सिप, तथा नवप्रवर्तनका क्षेत्रमा भएका नवीनतम अभ्यासको वारेमा सचेतना अभिवृद्धि कार्यक्रम निर्माण गरिनेछ।(१०.२४)

११.८३ विद्यालय तहको शिक्षामा अध्ययनरत विद्यार्थीलाई उसको क्षमता र विशेषता अनुरूप परम्परागत सिप, ज्ञान तथा प्रविधि सम्बन्धी पेसा व्यवसाय छनोट सम्बन्धी विज्ञबाट परामर्श सेवा उपलब्ध गराउने प्रणाली विकास गरिनेछ।(१०.२४)

११.८४ अपाङ्गता भएका व्यक्तिका लागि पहुँचयोग्य सार्वजनिक,सहकारी र निजीक्षेत्रमा गुणस्तरीय पहुँच सुनिश्चित गरिनेछ।(१०.२४)

११.८५ परम्परागत ज्ञान, सिप, नवप्रवर्तन, अध्ययन र अनुसन्धानका क्षेत्रलाई प्रवर्द्धन गर्न एक छुट्टै स्थायी प्रोत्साहन कोषस्थापनागरी उच्च शिक्षा आयोगमार्फत कार्यान्वयन गरिनेछ।(१०.२४)

११.८६ सार्वजनिक सेवामा प्राज्ञिक, प्राविधिक र व्यावसायिक ज्ञान, विज्ञानका अध्ययन, अनुसन्धानमा प्रवर्धन गर्न स्वअध्ययन तथा निरन्तर पेसागत दक्षता विकासका लागि सामुदायिक अध्ययन केन्द्र, सार्वजनिक वाचनालय,पुस्तकालय साथै विषयगत क्षेत्रका प्रयोगशालाको उपयोगको सूचक निर्धारण गरी प्रोत्साहित गर्ने विशेष कार्यक्रम विकास गरिनेछ।(१०.२४)

११.८७ शिक्षा,विज्ञान,प्रविधि, सिप तथा सिकाइलाई रोजगारसँग र रोजगारलाई उत्पादनसँग जोड्ने कार्यक्रम स्थानीय तहका विशेषता अनुरूपका जनशक्ति विकासलाई प्रोत्साहित गर्ने कार्यक्रम माध्यमिक तहका विद्यालयबाटप्रारम्भगरिनेछ।(१०.२४)

११.८८ प्राज्ञिक ज्ञानको उत्थान र संरक्षणका लागि मानविकी तथा समाजशास्त्रको अध्ययन, अनुसन्धान, इतिहास, भूगोल, सांस्कृतिक तथा पुरातात्विक विषयको अध्ययन, अध्यापन र पूर्वीय दर्शनशास्त्र तथा शिक्षण सिकाइलाई गुणस्तरीय बनाउँदै विद्यार्थी आकर्षण गर्न राष्ट्रलाई बौद्धिक सम्पदाको केन्द्रको रूपमा विकास गरिने छ।(१०.२५)

११.८९ राष्ट्रिय तथा अन्तर्राष्ट्रिय परिवेशमा विकसित नवीनतम ज्ञान, सिप तथा प्रविधिलाई मुलुकको आर्थिक, सामाजिक तथा भौगोलिक परिवेशअनुकूल बनाउन उच्च शिक्षा प्रदायक संस्था, अनुसन्धानमूलक संस्था तथा विज्ञसमूह बिच सहकार्य गरिनेछ।(१०.२५)

११.९० उच्च शिक्षाको गुणात्मकता र अन्तराष्ट्रिय प्रतिस्पर्धाका लागि बहु विश्वविद्यालय तथा शैक्षिक प्रतिष्ठानहरूले स्नातकोत्तरभन्दा माथिका कुनै पनि शैक्षिक कार्यक्रम निर्धारण र ती उपाधि प्रदान गर्दा विश्वविद्यालय अनुदान आयोगको अनुमति लिनुपर्ने व्यवस्था गरिनेछ ।(१०.२५)

**कानुनी तथा संस्थागत प्रबन्धः**

११.९१ विद्यालय शिक्षा तथा उच्च शिक्षालाई प्राथमिकता दिई मानवपूँजी निर्माणदेखि पेसागत सिप विकास सम्मको लागि प्रदान गरिने शैक्षिक तथा प्राज्ञिक सेवासुविधा तथा छात्रवृत्ति सम्बन्धमा एकीकृत कानून तर्जुमा गरी सोही बमोजिम कार्यान्वयन संरचनाको प्रबन्ध गरिनेछ।(१०.१८)

११.९२ सार्वजनिक सेवामा प्रवेशदेखि निवृत्तसम्मका सेवासुविधा तथा वृत्ति विकासका मापदण्ड सबै सेवाका लागि मानक हुने गरी कानून तर्जुमा गरी कार्यान्वयन गरिनेछ।(१०.१८)

११.९३ उच्च शिक्षाको सञ्चालन, व्यवस्थापन, समन्वय तथा सुदृढीकरणका लागि विद्यमान विश्वविद्यालय अनुदान आयोगको कार्यक्षेत्र र संरचना रुपान्तरण गरी उच्च शिक्षा आयोग बनाइनेछ।(१०.१९)

११.९४ उच्च शिक्षाका शिक्षक तथा कर्मचारीका लागि विभिन्न विश्वविद्यालय तथा शैक्षिक प्रतिष्ठानका सेवा आयोग र पदपूर्ति समितिलाई एकीकृत गरी उच्च शिक्षा सेवा आयोग गठन गरिनेछ।(१०.१९)

११.९५ विश्वविद्यालयका अनुसन्धान प्रतिष्ठान केन्द्रको पुनर्संरचना गरी एकीकृत उच्च शिक्षा तालिम, प्रशिक्षण तथा अध्ययन, अनुसन्धान प्रतिष्ठानको व्यवस्था गरिनेछ।(१०.१९)

११.९६ सार्वजनिक तथा निजी क्षेत्रका उद्योग प्रतिष्ठानमा निश्चित प्रतिशत छुट्याई विश्वविद्यालय तहका प्रशिक्षार्थीलाई निर्वाहभत्तासहित इन्टर्नसिपकोव्यवस्था गरी योग्यता प्रणालीसँग आबद्ध हुने व्यवस्था गरिनेछ।(१०.२०)

११.९७ इन्टर्नसिपका लागि विश्वविद्यालय र प्रतिष्ठानसँगको समन्वयमा हरेक वर्षको श्रावणएक गतेदेखि अभ्यासार्थीका रूपमा सेवामा प्रवेश हुने र हरेक वर्षको असारमसान्तमा बाहिरिने व्यवस्था सहितको शैक्षिक सत्र विकास गरिनेछ।(१०.२०)

११.९८ शिक्षा,विज्ञान तथा प्रविधि मन्त्रीको अध्यक्षतामा राष्ट्रिय जनशक्ति विकास परिषद्तथा शिक्षा सचिवको अध्यक्षतामा जनशक्ति विकास योजना कार्यान्वयनसहजीकरण समिति गठन गरिनेछ।(१०.२१)

११.९९ प्रदेश सरकारका मुख्य मन्त्रीको अध्यक्षतामा जनशक्ति विकास प्रादेशिक समिति गठन गरिनेछ।(१०.२१)

११.१००स्थानीय तहका प्रमुख वा अध्यक्षको अध्यक्षतामा स्थानीय तह जनशक्ति विकास समिति गठन गरिनेछ।(१०.२१)

११.१०१विषयगत मन्त्रालयतथा संबैधानिक निकायमा विषय क्षेत्रगत जनशक्ति विकास सम्बन्धी महाशाखाको व्यवस्था गरिनेछ।(१०.२१)

**लगानी प्रबन्धः**

११.१०२ विद्यालय शिक्षा तथा उच्च शिक्षासम्म प्रदान गरिने सेवासुविधा तथा छात्रवृत्ति सम्बन्धमा एकीकृत कानून तथा कार्यान्वयन संरचनाप्रबन्ध गरिनेछ।(१०.१८)

११.१०३राष्ट्रिय जनशक्ति विकास नीति कार्यान्वयनका लागि संघीय तह

बाट मापदण्ड र मानकसहितको तहगत जिम्मेवारीबमोजिम लगानीका अंशभार निर्धारणगरी कार्यान्वयनमाल्याउनेछ।(१०.२१)

११.१०४सार्वजनिक क्षेत्रका विषयमा अध्ययन, अनुसन्धान तथा विकास गर्नसंघ प्रदेश तथा स्थानीय तहबाट वार्षिक कार्यक्रम तथा बजेटको निश्चित अंश छुट्याइने छ ।(१०.२२)

## १२.कानुनी तथा नीतिगत व्यवस्था

यो नीतिका आधारमा जनशक्ति विकाससम्बन्धी छुट्टै कानून निर्माण गरिनेछ।

### जनशक्ति विकास नीति कार्यान्वयन

स्थानीय तह,प्रदेश सरकार तथा संघीय सरकारबाट अनुसूची एक बमोजिमका जिम्मेवारी सम्पादन गरिने छन् । जनशक्ति विकास सम्बन्धी नीतिगत निर्णय परिषदबाट अन्तिम निर्णय भएपछि कार्यान्वयन हुनेछन्।

### अन्तर नीति समन्वय

जनशक्ति विकास सम्बन्धी योजना निर्माण,नीति,निर्धारण तथा रणनीति निर्माण तथा कार्यान्वयनमा विषयगत मन्त्रालयजवाफदेही हुनेछन्।

### अन्तर मन्त्रालय तथा तहगत समन्वय

संघीय, प्रादेशिक तथा स्थानीय तहका जनशक्ति विकास समितिको व्यवस्थाबाट तेर्सो,ठाडो र तलको त्रिपक्षीय समतलीय अन्तर मन्त्रालय तथा तहगत,निकाय अन्तर समन्वय सुनिश्चित हुनेछ।

**जनशक्ति विकास सम्बन्धी वार्षिक प्रतिवेदन**

संघ, प्रदेश र स्थानीय तहले जनशक्ति विकास सम्बन्धी वार्षिक प्रतिवेदन तयार पार्ने छन् ।

**१३. संस्थागत/संरचना व्यवस्था**

शिक्षा,विज्ञान तथा प्रविधि मन्त्रीको अध्यक्षतामा "जनशक्ति विकास परिषद" गठन हुनेछ।

शिक्षा सचिवको अध्यक्षतामा "जनशक्ति विकास सहजीकरण समिति" गठन हुनेछ।

प्रदेश मुख्यमन्त्रीको अध्यक्षतामा "जनशक्ति विकास प्रदेश समितिगठन हुनेछ।

सबै स्थानीय तहका प्रमुख तथा अध्यक्षको संयोजकत्वमा "स्थानीय तह जनशक्ति विकासव्यस्थापन समिति गठन हुनेछ।

**जनशक्ति विकाससम्बन्धी तहगत समन्वय**

संघमा मानव संसाधन विकाससम्बन्धी काम गर्ने सचिवालय शिक्षा,विज्ञान तथा प्रविधि मन्त्रालय हुनेछ।

प्रदेशमा जनशक्ति विकास सम्बन्धी काम गर्ने सचिवालय मुख्यमन्त्री कार्यालय हुनेछ।

स्थानीय तहमाजनशक्ति विकास सम्बन्धी काम गर्ने सचिवालय शिक्षासम्बद्ध शाखा हुनेछ।

**१४. वित्तीय स्रोत व्यवस्थापन**

संघ प्रदेश तथा स्थानीय सरकारकोआपसी समन्वय र साझेदारीमा राष्ट्रिय जनशक्ति विकास नीतिको कार्यान्वयन गर्न आवश्यक वित्तीय स्रोतको व्यवस्थापन गरिनेछ।

**१५. अपेक्षित उपलब्धि**

(क) जनशक्ति विकाससम्बन्धी नीतिगत, कार्यक्रमगत समन्वय,सहजीकरणको आधिकारिक संस्थागत जवाफदेहिता सिर्जना हुने।

(ख) संघ,प्रदेश र स्थानीय तहकोअल्पकालीन,मध्यकालीन र दीर्घकालीन जनशक्ति विकास योजना निर्माण हुने।

(ग) राष्ट्रको विकासका लागि जनशक्तिको प्रक्षेपण भई माग र आपूर्तिबिच सन्तुलन कायम हुने।

(घ) संघ,प्रदेश र स्थानीय तहसम्मको सामूहिक तथा अन्तरसम्बन्धित जिम्मेवारी र जवाफदेहिता सुनिश्चित हुने।

(ङ) निर्धारित मापदण्ड र कार्यविधिका आधारमा जनशक्ति विकास सम्बन्धी कार्यक्रम कार्यान्वयनमा हुने।

(च) जनशक्ति विकासमा आर्थिक,प्रशासनिक,कानूनी र मानवीय पक्षको संस्थागत दायित्व सुनिश्चित हुने।

(छ) इन्टर्नसिप तथा अप्रेन्टिसिप प्रणाली स्थापित तथा रोजगारीको अवसर वृद्धि हुने।

(ज) जनशक्ति विकास योजना कार्यान्वयनका लागि लगानी सुनिश्चित हुने।

(झ) जनशक्ति विकाससम्बन्धी वार्षिक प्रतिवेदन तयार हुने।

(ञ) राष्ट्रको विकासका लागि आवश्यक विषयक्षेत्र तथा पेसागत सिप वर्गीकरणसहितको जनशक्ति प्रक्षेपण भएको हुने।

(ट) संघीय,प्रादेशिक र स्थानीय तहको जनशक्ति विकास योजनाका लागि आधारभूत कार्यक्षेत्रका आधारमा राष्ट्रिय मापदण्ड तयार भएका हुने।

(ठ) संघ, प्रदेश र स्थानीय तह तथा श्रम पूँजीबजारसम्बद्ध निकायबिच समन्वय र सहकार्य गरी सामाजिकआर्थिक - रूपान्तरणमा योगदान पुर्याउन सक्ने विषय तथा पेसागत रूपमा प्रतिस्पर्धी र सक्षम जनशक्ति निर्माण हुने।

(ड) राष्ट्रिय जनशक्ति विकासका लागि आवश्यक कानुनी र संस्थागत आधार तयार भएको हुने।

(ढ) विश्व बजारमा विकसित नवीनतम ज्ञान,सिपगत दक्षता र प्रविधिसम्बन्धी विविधीकरण र विशिष्टीकरणको अध्ययन

अनुसन्धानका आधार निर्माण भएको हुने।

(ण) सरकारी,गैरसरकारी,निजीक्षेत्र, नागरिक समाज,सरोकारवालालगायतका सम्बद्ध पक्षको समन्वय र सहकार्य स्थापित हुने।

### १६. जोखिम

संघ, प्रदेश र स्थानीय तहबिचको समन्वय,तीन तहका सरकारको प्राथमिकताको क्षेत्र,अद्यावधिक सुचना र तथ्याङ्क,वित्तीय स्रोतको व्यवस्थापन जस्ता जोखिम आँकलन गरिएका छन्। जनशक्ति नीतिको कार्यान्वयन गर्न संघ, प्रदेश र स्थानीय तह जिम्मेवार र जवाफदेही बनाउन सक्दा जोखिम न्यूनीकरण हुने अपेक्षा गरिन्छ।

### १७.नीति समीक्षा

राष्ट्रिय जनशक्ति नीति, २०८० को कार्यान्वयनको समीक्षा प्रत्येक सात\सात(७\७)वर्षको अवधिमा हुनेछ।

## अनुसूची — कार्यान्वयन कार्ययोजना

राष्ट्रिय जनशक्ति विकास नीतिका पाँच उद्देश्य, दश नीति, पच्चिस रणनीति र एक सय चार कार्यनीति निर्धारित भएका छन्। सो को कार्यान्वयन देहायबमोजिम हुनेछन्।

| क्रं सं | उद्देश्य | नीति | रणनीति | कार्यनीति | विषयक्षेत्रगत कार्य | मुख्य जिम्मेवार निकाय | सम्बन्धित विषय क्षेत्र र सहयोगी निकाय | कार्य सम्पादन गर्न लाग्ने समयावधि | कार्य सम्पादन सूचक |
|---|---|---|---|---|---|---|---|---|---|
| १ | १ | १–३ | १–५ | १–१० वटा–१० | जनशक्ति आवश्यकता, पहिचान तथा प्रक्षेपण | श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय, राष्ट्रिय योजना आयोग, प्रदेश सरकार श्रमसम्बद्ध विषयगत मन्त्रालय र स्थानीयसरकार | विषयगत मन्त्रालयः प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, संघीय मामिला, प्रशासन, कृषि, वन, स्वास्थ्य, शिक्षा, उद्योग, पर्यटन। विश्वविद्यालय अनुदान आयोग, प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम परिषद, राष्ट्रिय तथ्याङ्क कार्यालय, लगायत विषय क्षेत्रका आयोग, प्रतिष्ठान, उद्योग तथा बाणिज्य संघ, संस्थातथा निकाय। | १ वर्ष | जनशक्ति प्रक्षेपण सम्बन्धी आवधिक प्रतिवेदन। |
| २ | १ | १–३ | ६ | ११–१६ वटा–६ | जनशक्तिसूचना तथा अभिलेख व्यवस्थापन | प्रधानमन्त्रीतथा मन्त्रिपरिषदको कार्यालय,प्रदेश मुख्यमन्त्री तथा मन्त्रिपरिषदको कार्यालय, राष्ट्रिय तथ्याङ्क कार्यालय र स्थानीय | संघीय मामिला, प्रशासन, कृषि, वन, स्वास्थ्य, शिक्षा, उद्योग, पर्यटन। विश्वविद्यालय अनुदान आयोग, प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम परिषद, | २ वर्ष | एकीकृत जनशक्ति अभिलेख तयार हुने। |

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | सरकार | राष्ट्रिय तथ्याङ्क कार्यालय, लगायत विषय क्षेत्रका आयोग, प्रतिष्ठान, उद्योग तथा बाणिज्य संघ, संस्थातथा निकाय। | | |
| ३ | २ | ४ | ७,८, ९ र ११ | १७–३३ वटा–१७ | जनशक्ति मापदण्ड र मानक निर्धारण | शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय<br>प्रदेश सरकार<br>शिक्षा सम्बद्ध मन्त्रालय र स्थानीय सरकार | विषयगत मन्त्रालयः प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, संघीय मामिला, प्रशासन, कृषि, वन, स्वास्थ्य, उद्योग, पर्यटन, न्याय , कानून ।<br>राष्ट्रिय योजना आयोग, विश्वविद्यालय अनुदान आयोग, राष्ट्रिय चिकित्सा आयोग, प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम परिषद, राष्ट्रिय तथ्याङ्क कार्यालय, सम्बन्धित विषयगत मन्त्रालय, संवैधानिक अङ्ग, शैक्षिकप्रतिष्ठान तथा तालिम प्रदायक संस्था। | २ वर्ष | संघ प्रदेश तथा स्थानीय तहको जनशक्ति विकास मापदण्ड तथा मानक निर्धारण। |
| ४ | ३ | ५ र ७ | ४,५, १०, ११, १२, १३, १५र १६ | ३४–४८ वटा–१५ | साझेदारी र सहकार्य | प्रधानमन्त्री तथा मन्त्रिपरिषद्कोकार्यालय,अर्थ मन्त्रालय, प्रदेश सरकार मुख्यमन्त्री तथा मन्त्रिपरिषदको कार्यालय, प्रदेश अर्थ सम्बद्ध मन्त्रालय तथा स्थानीय सरकार | विषयगत मन्त्रालयः शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय, राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोग, राष्ट्रिय योजना आयोग, प्रदेश सरकार मुख्यमन्त्री तथा मन्त्रिपरिषद कार्यालय, विश्वविद्यालय अनुदान आयोग, चिकित्सा शिक्षा आयोग, राष्ट्रिय तथ्याङ्क कार्यालय, सम्बन्धित विषय क्षेत्रका मन्त्रालय आयोग र शिक्षा प्रदायक शैक्षिक संस्था तथा नेपाल राष्ट्र बैंक। | ३ वर्ष | संघ, प्रदेश र स्थानीय तहको साझेदारी र समन्वय समन्वयमा जनशक्ति विकासस म्बन्धी प्राथमिकता प्राप्त क्षेत्र पहिचानत था आर्थिक लागत मापदण्ड निर्धारण हुने। |
| ५ | ३ | ६ | १३, १४, १५र १७ | ४९–६९ वटा–२१ | सार्वजनिक सेवा प्रवाह प्रबन्ध | प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय तथा संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय, उद्योग वाणिज्य तथा आपूर्ति एवम् | विषयगत मन्त्रालयः कार्यपालिका, न्यायपालिका व्यवस्थापिका र संवैधानिक आयोग निकाय सम्बद्ध जनशक्ति विकास व्यवस्थापन र परिचालन गर्ने सेवा, समूह तथा | ३ वर्ष | सार्वजनिक सेवाको विषयगत जनशक्ति सम्बधी अध्ययन |

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | कृषि,पशुपन्छी विकास प्रदेश सरकार मुख्यमन्त्री तथा मन्त्रिपरिषद कार्यालय र स्थानीय सरकार | उपसमूह सञ्चालन गर्ने राज्यका सबै अङ्ग तथा सेवासम्बद्ध सार्वजनिक उद्योग प्रतिष्ठान र निजी सेवा प्रदायक कम्पनी तथा विश्वविद्यालय अनुदान आयोग। | | प्रतिवेदन। |
| ६ | ५ | १० | १४, २२, २३, २४ र२५ | ७०–९० वटा–२१ | पाठ्यक्रम विकास, अध्ययन, अनुसन्धान तथा तालिम | संस्कृति, पर्यटन तथा नागरिक उड्डयन र शिक्षा, विज्ञान तथा प्रविधि, संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय,प्रदेश सरकार पर्यटन,संस्कृति,शिक्षासम्बद्ध मन्त्रालय र स्थानीय सरकार | विषयगत मन्त्रालयः प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, अर्थ, कृषि, वन, स्वास्थ्य, उद्योग, पर्यटन, उर्जा, जलस्रोत, विज्ञान प्रविधि, युवा खेलकुद। राष्ट्रिय योजना आयोग, विश्वविद्यालयअनुदान आयोग,विषय सम्बद्ध मन्त्रालय मातहतकाविशिष्टीकृत अनुसन्धान परिषद, राष्ट्रिय तथ्याङ्क कार्यालय,प्रतिष्ठान, पुस्तकालयहरू, शिक्षा तथा तालिमप्रदायक संस्था र नेपाल राष्ट्र बैंक। | ३ वर्ष | परम्परागत तथा नवीनतम ज्ञान, सिप, विज्ञान र प्रविधिसम्बन्धी अध्ययन प्रतिवेदन |
| ७ | ४ | ८ | १८, १९, २० | ९१–९७ वटा–७ | कानुनी तथा संस्थागत प्रबन्ध | प्रधानमन्त्री तथा मन्त्रिपरिषदको कार्यालय प्रदेश सरकार मुख्यमन्त्रीतथा मन्त्रिपरिषदको कार्यालय | विषयगतमन्त्रालयःअर्थ, स्वास्थ्य, शिक्षा,कृषि, उद्योग, पर्यटन,न्याय, कानून तथा संसदीय मामिला, संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय तथा संवैधानिक निकाय,राष्ट्रिय योजना आयोग, विश्वविद्यालय अनुदान आयोग,चिकित्सा शिक्षा आयोग, राष्ट्रिय तथ्याङ्क कार्यालय, नेपाल राष्ट्र बैंक। | ३ वर्ष | संघ, प्रदेश र स्थानीय तहमा जनशक्ति विकास सम्बन्धी कानून तर्जुमा।एकीकृत छात्रवृत्ति सम्बन्धी कानून र संरचना निर्माण। |

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| ८ | ४ | ८ | २१ | ९८–१०१ वटा–४ | | प्रधानमन्त्री तथा मन्त्रिपरिषदको कार्यालय शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय, प्रदेश सरकार शिक्षासम्बद्ध मन्त्रालय | विषयगत मन्त्रालयः अर्थ,कानून, न्याय तथा संसदीय मामिला,कृषि, स्वास्थ्य,राष्ट्रिय योजना आयोग, विश्वविद्यालय अनुदान आयोग, चिकित्सा शिक्षा आयोग। | ३ वर्ष | संघ, प्रदेश र स्थानीय तहमा जनशक्ति विकास सम्बन्धीसंरचना निर्माण |
| ९ | ४ | ९ | १८, २१ र २२ | १०२–१०४ वटा–३ | लगानी प्रबन्ध | प्रधानमन्त्री तथा मन्त्रिपरिषदको कार्यालय, प्रदेश सरकार मुख्यमन्त्रीतथा मन्त्रिपरिषदको कार्यालय र स्थानीय सरकार | विषयगत मन्त्रालयः अर्थ, कानून, न्याय तथा संसदीय मामिला, संघीय मामिला तथा सामान्य प्रशासन, शिक्षा तथा विश्वविद्यालय अनुदान आयोग। | ३ वर्ष | जनशक्ति विकासमा आर्थिक लगानी र जवाफदेहता संघ,प्रदेश र स्थानीय तहको तोकिएको हुने |

प्रारम्भिक मस्यौदा